सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २१० ♦ २०८२ साल चैत्र २३ सोमवार ♦ 6 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## बर्दिबास उद्योग वाणिज्य संघको निर्वाचन संघारमा: दुई प्यानलबीच कडा प्रतिस्पर्धा

शर्मिला घिमिरे

**चैत्र २२ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास उद्योग वाणिज्य सङ्घको आगामी नेतृत्व चयनका लागि निर्वाचन मिति नजिकिँदै जाँदा चुनावी माहोल तातेको छ। यही चैत्र २४ गते हुने निर्वाचनमा दुई प्यानलबीच प्रत्यक्ष प्रतिस्पर्धा हुने भएको छ। उम्मेदवारहरू यतिबेला मतदातासँग भेटघाट तथा मत माग्न व्यस्त देखिन्छन्।

निर्वाचनमा दीपक कार्की नेतृत्वको प्यानल ‘डमरु’ चुनाव चिन्हसहित मैदानमा उत्रिएको छ भने उत्तम कुमार श्रेष्ठ नेतृत्वको प्यानल ‘कलश’ चुनाव चिन्हसहित प्रतिस्पर्धामा रहेको छ। दुवै पक्षले आफ्ना प्रतिबद्धतापत्र सार्वजनिक गरि सकेका छन्, जसले व्यापारी तथा उद्योगीहरूबीच चासो र उत्सुकता बढाएको छ।

उद्योग वाणिज्य सङ्घ निर्वाचन समिति स्रोतका अनुसार निर्वाचन निष्पक्ष, मर्यादित र व्यवस्थित रूपमा सम्पन्न गरिने विश्वास दिलाइएको छ। “निर्वाचन सिष्ट र मर्यादित हुनेछ, यसमा कसैले पनि सन्देह लिनु पर्दैन,” समितिले जनाएको छ।

दीपक कार्की प्यानलले ‘सानो लगानी, ठूलो सम्मान’ नारासहित व्यवसायीहरूको वर्गीकरण, घर भाडा तथा करसम्बन्धी समस्या समाधान, बजार सुरक्षा तथा व्यवस्थापनमा जोड दिएको छ। यसका साथै व्यवस्थित पार्किङ, फुटपाथ र ढल निकास व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण जस्ता पूर्वाधार विकासका योजनाहरू अघि सारेको छ। पर्यटन प्रवर्द्धनका लागि ‘रात्रिकालीन बजार’ सञ्चालन र ‘Stay Bardibas’ प्याकेजमार्फत आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने योजना पनि समेटिएको छ। साथै कानुनी परामर्श डेस्क स्थापना र स्वास्थ्य सेवामा सहुलियत दिने प्रतिबद्धता पनि उक्त प्यानलले व्यक्त गरेको छ।

यता उत्तम कुमार श्रेष्ठ प्यानलले वित्तीय पहुँच विस्तार, सहुलियतपूर्ण कर्जा व्यवस्था र व्यवसायी पलायन रोकथामलाई प्राथमिकतामा राखेको छ। यस प्यानलले संघलाई प्रविधिमैत्री बनाउँदै डिजिटल सेवा विस्तार गर्ने, सदस्य सुरक्षा बीमा योजना लागू गर्ने र बर्दिबासलाई कृषि तथा व्यापारिक हबका रूपमा विकास गर्ने लक्ष्य अघि सारेको छ। ‘उज्यालो बर्दिबास’ अभियान अन्तर्गत सीसीटीभी जडान गरी सुरक्षित व्यापारिक वातावरण निर्माण गर्ने, स्थायी प्रदर्शनी स्थल तथा रात्रिकालीन बजार सञ्चालन गर्ने योजना पनि प्रस्तुत गरिएको छ।




त्यसैगरी, युवा स्वरोजगार प्रवर्द्धन, पर्यटन तथा सम्पदा संरक्षण, औद्योगिक ग्राम निर्माण, तीन तहका सरकारसँग समन्वय र ‘व्यवसायी कल्याणकारी अक्षयकोष’ स्थापना गर्ने प्रतिबद्धता पनि श्रेष्ठ प्यानलले व्यक्त गरेको छ।

अध्यक्ष, उपाध्यक्ष सहित ८ पदाधिकारी र ११ सदस्य गरी १९ सदस्यीय नयाँ कार्यसमिति चयनका लागि दीपकबहादुर कार्की र उत्तम श्रेष्ठ प्यानलबिच कडा प्रतिस्पर्धा हुने देखिन्छ।

दुवै प्यानलले आफ्ना उम्मेदवार सक्षम र योग्य रहेको दाबी गर्दै व्यवसायीहरूको विश्वास जित्ने प्रयास गरिरहेका छन्। अब भने मतदाताको निर्णयले बर्दिबास उद्योग वाणिज्य सङ्घको आगामी नेतृत्व कसको हातमा जाने भन्ने टुंगो लाग्नेछ।

## सर्वपक्षीय सहमतिपछि गौशाला बजार खुल्यो, अतिक्रमणमुक्त अभियान पुन: सुरु

धनवीर महतो

**चैत्र २२ गते, बर्दिवास**




महोत्तरी जिल्लाकै प्रमुख व्यापारिक केन्द्र गौशाला नगर पालिका स्थित गौशालाबजारमा सार्वजनिक जग्गा अतिक्रमणमुक्त गर्ने अभियान अब वडा अध्यक्षको नेतृत्वमा पुन: सञ्चालन हुने भएको छ। आइतबार गौशाला नगर पालिकाको कार्यालयमा बसेको सर्वपक्षीय बैठकले यस्तो निर्णय गर्दै शनिवार देखि बन्द रहेको बजार समेत खुल्ला भएको छ।

जिल्लाकै प्रमुख व्यापारी केन्द्र गौशालाबजारको सार्वजानिक जग्गा अतिक्रमणमुक्तको अभियान अबदेखि बडाअध्यक्षको नेतृत्वमा संचालन हुने भएको छ । आईतबार गौशाला नगर पालिकाको कार्यालयमा बसेको सर्वपक्षीय बैठकले सो निर्णय गरेका हुन् ।

विगतको समयमा भएको कमी कमजोरीलाई मनन गर्दै अब नयाँ शिराबाट बजार अभियानलाई अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा भएको गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोले बताएका छन् ।

मेयर महतोले आईतबार खबर दर्पण संग कुराकानीको क्रममा भने, ‘भोली (सोमबार) देखि बजार अतिक्रमणमुक्त अभियान निर्वाध रुपमा संचालन हुने भएको छ । जसको बागडोर वडा नं. ५ का बडाअध्यक्ष ओमप्रकाश गुप्ताले सम्हानेछ । गौशाला बजार सोही बडामा परेकोले सो अभियानको गुप्तालाई प्रदान गरिएको हो । आईतबार गौशाला नगर पालिकाको सभाहलमा बसेको

*बाँकी पृष्ठ ३ मा*

## एसईईमा मर्यादा विपरीत कार्यमा संलग्न गिरोह पक्राउ

खबर दर्पण समाचारदाता

**चैत्र २२ गते, बर्दिवास**

माध्यमिक शिक्षा परीक्षा (क्भ्भ) को मर्यादा विपरीत कार्यमा संलग्न एक गिरोहलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले परीक्षा प्रणालीलाई प्रभावित पार्ने गरी अनलाइन माध्यमबाट प्रश्न-उत्तर आदानप्रदान गर्ने ४ जनालाई नियन्त्रणमा लिएको जनाएको छ ।

प्रहरीका अनुसार बलवा नगर पालिका-६ स्थित बलवा बजारमा सञ्चालनमा रहेको ‘डिजिटल श्याम फोटो स्टुडियो अनलाइन सर्विस’ मार्फत परीक्षार्थीहरूलाई ‘ह्वाट्सएप ग्रुप’मा आबद्ध गराई परीक्षा केन्द्रबाट प्रश्न बाहिर ल्याउने र त्यसको उत्तर मोबाइलमार्फत पठाउने तथा प्रिन्ट गरेर उपलब्ध गराउने कार्य भइरहेको सूचनाका आधारमा कारबाही गरिएको हो ।

घटनामा संलग्न आरोपमा उक्त स्टुडियोका ५५ वर्षीय सञ्चालक र उनका १९ वर्षीय छोरासहित थप दुई जना युवक पक्राउ परेका छन् । उनीहरूले संगठित रूपमा परीक्षा प्रणालीको गोपनीयता भंग गर्ने प्रयास गरेको प्रहरीको दाबी छ ।

पक्राउ परेकाहरूलाई अनुसन्धानका लागि महोत्तरी जिल्ला अदालतबाट शिक्षा सम्बन्धी ऐन, २०२८ अन्तर्गत ‘परीक्षाको गोपनीयता भंग’ कसुरमा ५ दिनको म्याद थप गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी निरीक्षक विश्वम्भर नाथ साहका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ । उनले परीक्षा प्रणालीलाई निष्पक्ष र मर्यादित बनाउन यस्ता गतिविधिमाथि कडा निगरानी र कारबाही जारी रहने चेतावनी दिएका छन् ।

# सरकारी विज्ञापन नीतिविरुद्ध सर्वोच्चमा रिट, निजी सञ्चारमाध्यम धरापमा पर्ने दाबी

**खबर दर्पण समाचारदाता**
**चैत्र २२ गते, बर्दिवास**

सरकारी विज्ञापन वितरण सम्बन्धी नेपाल सरकारको नयाँ नीतिविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ।

रौतहटको गरुडा नगरपालिका–८ निवासी १९ वर्षीय राहुल कुमार साहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सम्बन्धित निकायलाई विपक्षी बनाएर उत्प्रेषण, परमादेशलगायतका आदेश माग गर्दै रिट दायर गरेका हुन्।

निवेदक साहले सरकारद्वारा जारी गरिएको परिपत्रले निजी सञ्चारमाध्यममाथि प्रत्यक्ष असर पार्ने र त्यसबाट सयौं मिडिया संस्था बन्द हुने तथा हजारौं पत्रकारको रोजीरोटी गुम्ने खतरा रहेको जिकिर गरेका छन्।

उनले उक्त निर्णय कार्यान्वयन भए स्वतन्त्र प्रेसमाथि गम्भीर क्षति पुग्ने भन्दै तत्काल अन्तरिम आदेश जारी गरी निर्णय कार्यान्वयन नगर्न माग गरेका छन्।

रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट चैत १८ गते जारी परिपत्रमार्फत 'मितव्ययिता र पारदर्शिता'को नाममा विज्ञापन वितरणलाई सीमित गरिएको उल्लेख छ।

निवेदकका अनुसार उक्त नीतिले सरकारी कोषबाट खर्च हुने विज्ञापन रकम मुख्यत: राज्यनियन्त्रित सञ्चारमाध्यममा केन्द्रित गर्ने वातावरण बनाएको छ। यसले निजी मिडियालाई आर्थिक रूपमा कमजोर बनाउने उद्देश्य लिएको आरोप लगाइएको छ।

निवेदकले संविधानको धारा १७, १८, १९ लगायतका मौलिक हकसँगै सूचना अधिकार, समानताको अधिकार र अभिव्यक्ति स्वतन्त्रताको हक उल्लंघन भएको दाबी गरेका छन्। साथै, अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू, मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको समेत उल्लंघन भएको उल्लेख गरिएको छ।

रिटमा 'छद्म कार्य' (ऋृययिचबदभि ब्अतष्यल) को सिद्धान्त उल्लेख गर्दै सरकारले प्रत्यक्ष रूपमा गर्न नसक्ने सेन्सरशिप आर्थिक माध्यमबाट लागू गर्न खोजिएको आरोप लगाइएको छ।

'मिडियालाई प्रत्यक्ष नियन्त्रण गर्न नसकेपछि विज्ञापन जस्तो प्रमुख आम्दानीको स्रोत बन्द गरेर भयको मनोविज्ञान सिर्जना गर्न खोजिएको देखिन्छ,' निवेदनमा उल्लेख छ।

त्यस्तै, 'विचारहरूको खुला बजार' (Marketplace of Ideas) को अवधारणालाई कमजोर बनाउँदै राज्यनियन्त्रित मिडियामार्फत सूचना प्रवाहमा एकाधिकार स्थापना गर्ने प्रयास भएको दाबी गरिएको छ। निवेदकले यस्तो नीतिले लोकतान्त्रिक मूल्यमान्यतामा गम्भीर असर पार्ने बताएका छन्।

रिटमा सार्वजनिक कोषबाट खर्च हुने विज्ञापन रकम 'सार्वजनिक विश्वासको सिद्धान्त' (Public Trust Doctrine) अनुसार सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण हुनुपर्ने उल्लेख छ।

तर, हालको निर्णयले करदाताको रकम सीमित निकायमा केन्द्रित गरेको भन्दै बदर गर्न माग गरिएको छ।




निवेदकले अधिवक्ता महावीर कुमार साहमार्फत दायर गरेको उक्त रिटमा सम्बन्धित परिपत्रलाई 'अधिकारक्षेत्र विहीन, असंवैधानिक र बदनियतपूर्ण' भन्दै उत्प्रेषणको आदेशमार्फत खारेज गर्न माग गरिएको छ। साथै, अन्तिम निर्णय नभएसम्म उक्त नीतिको कार्यान्वयन रोक्न अन्तरिम आदेश जारी गर्न आग्रह गरिएको छ।

# बृहत्तरमा ५५ लाख हिनामिना: पूर्व अध्यक्षसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**खबर दर्पण समाचारदाता**
**चैत्र २२ गते, महेन्द्रनगर**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषास्थित बृहत्तर जनकपुर क्षेत्र विकास परिषदका तत्कालीन अध्यक्षसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले परिषदका तत्कालीन अध्यक्ष शालीग्राम सिंह, कार्यकारी निर्देशक बलराम ठाकुर, प्रशासकीय अधिकृत चिरञ्जिविराज शर्मा ढुंगाना, लेखापाल सावित्री कुमारी गिरी तथा खरिदार मनद कुमार चौधरी सुडीलाई प्रतिवादी बनाउँदै ५५ लाख २ हजार ८५४ रुपैयाँ हिनामिनाको आरोप लगाएको हो।

यस प्रकरणमा ईशिता ट्रेडर्स र त्यसका सञ्चालक पशुपतिनाथ पाठकलाई समेत मुद्दामा समावेश गरिएको छ।



आर्थिक वर्ष २०७६/०७७ मा बायो शौचालय खरिद प्रक्रियामा मिलेमतो गरी अनियमित रूपमा भुक्तानी गरिएको निष्कर्षसहित आयोगले आइतबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको जनाएको छ।

अख्तियारका अनुसार सार्वजनिक खरिद प्रक्रियामा नियतवश नियम उल्लंघन गर्दै र ाज्यकोषमा क्षति पुर्‍याइएको ठहर गरिएको छ। मुद्दा दायर भएसँगै सम्बन्धित व्यक्तिहरूको भूमिकाबारे थप कानुनी परीक्षण अघि बढ्नेछ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सर्वपक्षीय सहमतिपछि गौशाला बजार खुल्यो, अतिक्रमणमुक्त अभियान......



बैठकले बजार बन्दको निर्णय फिर्ता लिदै यस्तो निर्णय गरि एको जसलाई सफल पार्नका लागि नगरपालिकाको कार्यालय लगायतका सरोकारबाला निकायले साविक भरै अभियानलाई सफल बनाउनका लागि नेतृत्वदायी भुमिका निर्वाह गर्नेछ। अभियानले अब निश्चित पनि बजारलाई नयाँ रुप रंग प्रदान नगरेसम्म निरन्तर रुपमा जारी रहनेछ।'

बजार अतिक्रमणमुक्त गर्ने क्रममा सटर टुटफुँट हुन गएको मेयर महतोले स्वीकार गरेका छन्। उनले भने, 'प्राविधीक कारणवश क्षति पुगेको हो। जसलाई नगरपालिकाको कार्यालयले स्वीकार गर्दै क्षतिपुर्ति दिन तयार रहेको छ। पिडीत व्यक्ति सवुतसाथ नगर पालिकाको कार्यालयमा दावी पेश गरे त्यस्तालाई उचित क्षतिपुर्ति भने कार्यालयले .उपलब्ध गराईनेछ।'

गौशाला बजारको विकासको लागि सवैले आ आफ्नो पक्षबाट नेतृत्वदायी भुमिका निर्वाह गरिदिनका लागि मेयर महतोले सवैसँग आग्रह गरेका छन्।

### साम्य वातावरणमै अतिक्रमणमुक्त अभियान संचालन हुनेछ : बडाअध्यक्ष गुप्ता

यस सम्बन्धमा गौशाला बजार व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका गौशाला नगर पालिका वडा नं. ५ का बडाअध्यक्ष ओमप्रकाश गुप्ताले साम्य वातावरणमा बजार सौन्दर्यीकरणको अभियान सफल पार्ने प्रतिवद्धता जाहेर गरेका छन्।

वडाअध्यक्ष गुप्ताले कुराकानीको क्रममा भने, छलफलको क्रममा सवैले दिएको जिम्मेबारी मलाई प्राप्त भएको छ। मैले सो कुरा सहजै स्वीकारेको छु। अब जर्वजस्ती कसैलाई क्षति हुने काम हुँदैन्। सभ्य अनि संयमति भई बजार अतिक्रमणमुक्त अभियान संचालन हुनेछ। सम्झाएर, बुझाएर विना धाकधम्की अनि क्षति वेगरको अभियान सवैको सहमतिमा हुनेछ।

छलफलपश्चात बजार पूर्णरुपमा खुल्ला भएको अध्यक्ष गुप्ताले बताए।



### अव्यवस्थित कठघरा तथा टहरा हटाउँदै नगरपालिका

गौशाला बजारको क्षेत्रमा पर्ने



चर्चित ११५ नम्बर कितामा पर्ने अव्यवस्थित कठघरा हटाउने कार्यमा गौशाला नगर पालिकाको कार्यालय अगाडि बढेको छ। बजार क्षेत्रमा खाली गर्ने क्रममा व्यापारीले अवरुद्ध जनाएपछि नगरपालिकाको ध्यान यसतर्फ गएको हो। विवादित समयलाई सदुपयोग गर्दै मालपोत कार्यालयको अगाडिदेखि लहरै राखिएको कठघरालाई नगरपालिकाको प्राविधीक अनि जनशक्तिको प्रयोग गर्दै हटाउने कार्यको थालिनी भएको हो।

गौशाला नगर प्रहरीका ईन्चार्ज टेकवहादुर लामाले खाली रहेको कठघरा हटाईएको छ। उनले थपे, 'बाँकी रहेको सरसमान सहितको कठघराबाट समान खाली गर्नका लागि दुई दिनको समयसीमा दिईएको छ। त्यसपछि नगरपालिकाले सो कठ्घरालाई पनि हटाएर पुर्णतः रुपमा यस अभियानमा नगर प्रहरीले अन्तिम समयसम्म साथ दिईने छ।'

नगरप्रहरीले कर्तव्यपथमा रहेकोले यसतर्फ सवैको सकारात्मक सहयोग अनि व्यवहार प्रस्तुत गरिदिनका लागि उनले आग्रह गरेका छन्।

गत शनिवारदेखि गौशाला बजार लाई सुन्दर बनाउने उद्देश्यका साथ बजार अतिक्रमणमुक्त अभियान संचालनमा आएको हो। जसलाई गौशाला नगर युवा संजालका युवाहरु, नगर पालिका कार्यालयको प्रविधी र जनशक्तिको सहयोगमा अभियान तीव्रता पाएको थियो। अभियान संचालनको क्रममा कतिपय स्थानमा विवाद भएपछि अभियान शनिवार दिउँसोदेखि स्थगित भएको थियो। अभियानी युवा र व्यापारीविच कुरा नमिलेपछि अभियान तत्कालको लागि स्थागित गरि व्यापारीहरु बजार बन्दको घोषणा गर्दै विरोध जनाएका थिए। तत्पश्चात गौशाला नगर पालिकाले समन्वयनकारी भुमिका निर्वाह गरेपछि आईतबार नगरपालिकाको कार्यालयमा सर्वपक्षीय वार्तामार्फत अभियानलाई नयाँ शिराबाट शुरु गरिने सहमति भएको हो।

# बर्दिबास अस्पतालमा थाइराइड परीक्षण सेवा सुरु

**खबर दर्पण समाचारदाता**

**चैत्र २२ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास अस्पतालमा अब थाइराइड रोगको परीक्षण तथा उपचार सेवा सुरु भएको छ।

आवश्यक उपकरण अभावका कारण लामो समयदेखि बिरामीहरूलाई बाहिरका अस्पताल धाउनुपर्ने बाध्यता अन्त्य गर्न बर्दिबास युथ क्लबले महत्वपूर्ण सहयोग गरेको हो। क्लबले 'सिला मागलुमि ८००' नामक थाइराइड परीक्षण मेसिन अस्पताललाई हस्तान्तरण गरेको छ।

करिब २५ लाख रुपैयाँ मूल्य बराबरको उक्त उपकरणले अब स्थानीय स्तरमै थाइराइड रोगको पहिचान सम्भव बनाउने विश्वास गरिएको छ।

क्लबका अनुसार सो उपकरणको लागत २४ लाख ८६ हजार रुपैयाँ रहेको छ।

बर्दिबास युथ क्लबका अध्यक्ष कृष्ण कार्कीले एक कार्यक्रमका बीच नगरप्रमुख प्रल्हादकुमार क्षेत्री र अस्पताल विकास समितिका अध्यक्ष जयनारायण शर्मालाई उपकरण हस्तान्तरण गरेका हुन्।

उपकरण हस्तान्तरणसँगै अस्पतालले आजैदेखि थाइराइड परीक्षण सेवा सुरु गरेको जनाएको छ।


नगरप्रमुख क्षेत्रीले यसले स्थानीय नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने विश्वास व्यक्त गरे भने अस्पताल



विकास समितिका अध्यक्ष शर्माले अब बिरामीहरूलाई सामान्य परीक्षणका लागि पनि बाहिर जानुपर्ने बाध्यता हट्ने बताए।


शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,



स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प



फलेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# ढल्केबर क्षेत्रमा चितुवाको आतंक, खसीबाखा सिकार हुन थालेपछि स्थानीय त्रसित

**खबर दर्पण समाचारदाता**

**चैत्र २२ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-७, ढल्केबरस्थित जंगल नजिकका बस्तीहरूमा चितुवा प्रवेश गरेर घरपालुवा जनावरमाथि आक्रमण गर्न थालेपछि स्थानीयवासी त्रसित बनेका छन्। केमलीपुर, गैरीटोल र ऐक्लेबर का बासिन्दा पछिल्ला दिनहरूमा बढ्दो जोखिमका कारण भयभीत अवस्थामा रहेका छन्।

स्थानीय जनप्रतिनिधिका अनुसार विगत १२ दिनदेखि उक्त क्षेत्रमा चितुवाको नियमित उपस्थिती देखिँदै आएको छ। वडा अध्यक्ष रामबहादुर स्याङ्दनले हालसम्म पाँच वटा खसीबाखा चितुवाले खाइसकेको र एउटा पाडो गम्भीर घाइते बनाएको जानकारी दिनुभयो। यसका साथै दुई वटा घरपालुवा कुकुरसमेत चितुवाको सिकार बनेका छन्। उहाँका अनुसार हालसम्म प्रत्यक्ष मानविय क्षति नभए पनि चितुवाले लगातार पशुचौपायामाथि आक्रमण गरि रहेकाले जोखिम बढ्दो क्रममा छ। "चितुवा बारम्बार बस्ती नजिक देखिन थालेपछि स्थानीयहरू निकै त्रसित छन्," उहाँले भन्नुभयो, "हामीले सम्बन्धित निकायलाई जानकारी गराइसकेका छौं।"

चितुवाको गतिविधि बढेपछि डिभिजन वन कार्यालय धनुषालाई औपचारिक रूपमा जानकारी गराइएको छ। कार्यालय प्रमुख विनोद सिंहका अनुसार प्रभावित क्षेत्रमा गस्ती टोली परिचालन गरिएको छ र चितुवाको गतिविधि नजिकबाट निगरानीमा राखिएको छ।

उहाँले स्थानीयवासीलाई उच्च सतर्कता अपनाउन आग्रह गर्दै रातिको समयमा एक्लै हिँडडुल नगर्न, पशुचौपायालाई सुरक्षित स्थानमा राख्न तथा कुनै असामान्य गतिविधि देखिए तुरुन्त जानकारी दिन अनुरोध गर्नुभएको छ। "जंगलमा आहार को अभाव र मानव बस्तीको विस्तारका कारण वन्यजन्तु बस्तीमा पस्ने सम्भावना बढेको हो," सिंहले बताउनुभयो।



यता, स्थानीयवासीहरूले चितुवालाई सुरक्षित रूपमा नियन्त्रणमा लिएर उपयुक्त स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

ॐ
हार्दिक श्रद्धाञ्जली

हाम्रो खबर दर्पण दैनिकका पूर्व लेआउट डिजाइनर विवेक महतोकी हजुर आमा दुखनी देवी महतोको असामयिक निधनले हामी सबैलाई अत्यन्त मर्माहत बनाएको छ। यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त

**खबर दर्पण**
परिवार



जन्म मिति २०१२/१२/२४ गते
**दुखनी देवी**
निधन मिति २०८२/१२/१३ गते

## मालपोत कार्यालय बर्दिवास महोत्तरीको हकदावी सम्बन्धि ३५ दिने सार्वजानिक सुचना

जिल्ला महोत्तरी, हाल गौशाला नगरपालिका वडा नं. ३ मा बस्ने समुन्द्री देवीले जग्गाधनी सुसुरा अच्छेवर महतो तथा नजिकका हकदार एक मात्र सासु सितादेवी समेतको मृत्यु भएको र निजहरु पछि हकखाने नजिकका हकदार ५ भाई छोराहरु चन्देश्वर महतो, विन्देश्वर महतो, मन्देश्वर महतो, रजिन्द्र महतो (पति) र दुखरन महतो भएको भएतापनि अन्य सवै दाजुभाईहरुले अंश पाईसकेको हुँदा ससुराको नाममा दर्ता कायम रहेको विजलपुरा गाविस वडा नं. ९ (घ) किता नं. ३३३ क्षेत्रफल ० ( ०( १०.७५ जग्गा मेरो पति रजिन्द्र महतोको अंश भागमा भएको र पति ३० बर्षदेखि वेपता भएकोले उक्त जग्गा मेरो नाममा एकलौटी नामसारी गरि पाँउ भनि द. नं. ४२२८ मिति २०८२।१२।१८ गतेको माग दावी गरेकोले माग बमोजिम निवेदकका नाममा एकलौटी नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए ठोस सवुत प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

**Progressive Academy**
Bardibas - 1, Mahottari
www.progressivebardibas.com



Learning Beyond Books
School Time:
7AM to 6 PM
A Semi-residential school.

- Integration of STEAM & PLE pedagogy
- Classrooms with AC and Smart Boards
- Focus on Moral Values & Culture
- Trained and Dedicated Teachers
- Technology Integrated Education

ADMISSIONS OPEN
Pre-School to Grade 8
Give your child an education that develops skills, confidence, and character.
98540-55122 | 044-590422

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
**श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय**
गौशाला, महोतरीको
शैक्षिक सत्र २०८३का लागि Diploma in Civil Engineering (9-12)
संकाय आध्ययन गर्ने ईच्छुक छात्र-छात्रहरूलाई फारम भर्नाको लागि आहवान गरिन्छ।

हाम्रो विशेषताहरु
१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्वारा अध्यापन गराईने।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CC TV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने।
४. Civil Engineering मा अध्ययन छात्र/छात्राहरूका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट वोर्डको प्रयोग गरि अध्यापन गराईने।

हाम्रो कार्यक्रम
१. फारम वितरण २०८२-१२-२० गतेदेखि २०८३-०१-०४ सम्म।
२. Orientation Class २०८३-०१-०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३-०१-०६ गते।
४. भर्ना सुरु २०८३-०१-०७ गतेबाट
५. कक्षा संचालन २०८३-०१-१३ गतेबाट...............
६. सम्पर्क स्थान: श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय विहान ७:०० बजेदेखि ११:०० बजे सम्म।
८. फारम र प्रवेश परीक्षा दस्तुर रु १००/-।





भवदिय: श्री त्रिभूवन नमूना माध्यमिक वि. परिवार
गौशाला-५, महोतरी
प्र.अ. विनोद महतो
Mo. 9814800989
Co-ordinator:-
Er. Pappu Kr. Roushan
Mo:-9801674850

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,